# नगर सभाको १९ औं अधिवेशनका प्रस्तावहरु

प्रस्ताव नं. १ : नगर कार्यपालिका बैठकमा छलफल भई सिफारिस भएका देहाय बमोजिमका विधेयक स्वीकृतिका लागि प्रस्ताव पेश गर्दछु ।

तपसिल

१. मेलम्ची नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२
२. मेलम्ची नगरपालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२
३. मेलम्ची नगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७५ को संशोधन विधेयक, २०८२
४. मेलम्ची नगरपालिकाको विनियोजन ऐन, २०८२ को संशोधन विधेयक, २०८२

प्रस्ताव नं. २ : नगर सभाको १८ औं अधिवेशन पश्चात कार्यपालिका बैठकबाट गरिएका निर्णयहरुको अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ३ : मिति २०८२ साल श्रावण १ गते देखि मिति २०८२ को हालसम्म विभिन्न मितिमा नगर कार्यपालिका, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट गरिएका खर्च भुक्तानीलाई अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ४ : लेखा समितिबाट आर्थिक वर्ष २०८१/०८२ को सम्बन्धमा पेश भएको प्रतिवेदन स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ५ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न योजनाहरु निर्माणको क्रममा कार्यपालिकाको निर्णयबाट गरिएको म्याद थप, प्राविधिक लागत अनुमान बमोजिम नपुग रकम विविध सार्वजनिक निर्माण शिर्षक, मर्मत संभार कोष र आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा विनियोजन गरिएको थप रकम र विभिन्न योजनाहरुमा गरिएको म्याद थप तथा थपघट भेरियसन आदेशको अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ६ : महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा लेखा समितिमा छलफल भई उक्त समितिबाट नियमित हुन सिफारिस भई आएका अनुसूचीमा उल्लिखित बेरुजुहरु नियमित एवं फर्छौट गर्नको लागि महालेखा परीक्षकको कार्यालयमा सिफारिस गर्ने प्रस्ताव पेश गर्दछु ।

Scanned with CamScanner

प्रस्ताव नं. ७ : मेलम्ची नगरपालिका अन्तर्गतका वडा कार्यालय र शाखाहरुमा आ.व. २०८२/०८३ मा विनियोजन भएका योजनाहरुको संशोधनका लागि पेश भएका अनुसूचीमा उल्लिखित योजनाहरु संशोधन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ८ : मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको संक्षिप्त सर्वेक्षण तथा व्यवस्थापन प्रतिवेदन स्वीकृत गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ९ : मेलम्ची नगरपालिकासंग सीमा जोडिएका नगरपालिका तथा गाउँपालिकाहरुसंगको सीमाना नक्शांकन गरी एकिन गर्नको लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १० : मेलम्ची बाढीबाट क्षति भएका भौतिक संरचनाहरुको पुनर्निर्माण कार्य सम्पन्न नभएको हुँदा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री बापत प्राप्त हुने ४० प्रतिशत रकम प्रदेश सरकारलाई नपाठाउने निर्णयका लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ११ : ढुङ्गा गिटी बालुवाको बिक्री बापतको राजस्व संकलनका लागि थप कर्मचारी व्यवस्थापन गर्नको लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १२ : न्यायिक समितिको रिक्त सदस्य पदको पूर्तिको लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १३ : मार्गदर्शन संशोधन एवं मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार बापत प्राप्त भएको रकम उपलब्ध गराउने सम्वन्धमा प्रस्ताव पेश गर्दछु ।

Scanned with CamScanner

नगर सभाको १९ औं अधिवेशनका निर्णयहरु (२०८२ पुष ३० गते)

निर्णय नं. १ : नगर कार्यपालिका बैठकमा छलफल भई सिफारिस भएका देहायमा उल्लिखित अनुसूची बमोजिमका विधेयक स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ (अनुसूची-१)
२. मेलम्ची नगरपालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ (अनुसूची-२)
३. मेलम्ची नगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७५ को संशोधन विधेयक, २०८२ (अनुसूची-३)
४. मेलम्ची नगरपालिकाको विनियोजन विधेयक, २०८२ को संशोधन विधेयक, २०८२ (अनुसूची-४)

निर्णय नं. २ : नगर सभाको १८ औं अधिवेशन पश्चात कार्यपालिकाको हालसम्म बसेका बैठकबाट गरिएका विभिन्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : मिति २०८२ साल श्रावण १ गते देखि मिति २०८२ को हालसम्म विभिन्न मितिमा नगर कार्यपालिका, नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट भएका सम्पूर्ण खर्चहरु, नगरपालिकामा स्थापना गरिएका विभिन्न कोषहरुबाट भएका सम्पूर्ण खर्चहरु तथा कार्य प्रकृति र छिटो माध्यमबाट कार्य गर्नुपर्ने अवस्थामा विभिन्न खरिद विधिबाट हालसम्म भएका चालु तथा पूँजीगत तर्फका सम्पूर्ण खर्चहरु र कोषहरुबाट भएका अनुसूची-५ बमोजिमका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : लेखा समितिबाट आर्थिक वर्ष २०८१/०८२ को सम्बन्धमा पेश भएको अनुसूची-६ बमोजिमको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न योजनाहरु निर्माणको क्रममा समय सीमा भित्र निर्माण कार्य गर्न नसकी कार्यपालिकाको सबै मितिमा बसेको बैठकहरुले विभिन्न निर्णयबाट गरिएको म्याद थप, प्राविधिक लागत अनुमान बमोजिम नपुग रकम विविध सार्वजनिक निर्माण शिर्षक, मर्मत संभार कोष र आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा विनियोजन गरिएको थप रकम र विभिन्न योजनाहरुमा हालसम्म गरिएका म्याद थप तथा थपघट भेरियसन आदेशहरु अनुमोदन गर्ने अनुमोदन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं ६ : महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा लेखा समितिमा छलफल भई उक्त समितिबाट नियमित हुन सिफारिस भई आएका अनुसूची- ७ मा उल्लिखित बेरुजुहरु नियमित एवं फर्छौट गर्नको लागि महालेखा परीक्षकको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ७ : मेलम्ची नगरपालिका अन्तर्गतका वडा कार्यालय र शाखाहरुबाट आ.व. २०८२/०८३ मा विनियोजन भएका योजनाहरुको संशोधनका लागि पेश भएका अनुसूची- ४ मा उल्लिखित योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं ८ : मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको संक्षिप्त सर्वेक्षण तथा व्यवस्थापन प्रतिवेदन स्वीकृतिका लागि कार्यपालिका बैठकबाट सिफारिस भई आएको हुँदा अनुसूची-८ बमोजिमको उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९ : स्थानीय सरकार संचालन ऐन,२०७४ मा भएको कानूनी व्यवस्था बमोजिम सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका, ईन्द्रावती गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका, काभ्रेपलान्चोक जिल्लाको मण्डन देउपुर नगरपालिका, काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिका र शंखरापुर नगरपालिका तथा नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिकासंग सिमाना जोडिएको क्षेत्रको नक्शांकन गरी सीमा एकिन गर्न जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं १० : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क. को उपदफा (१) मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका वातावरीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिटी बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी, दफा ६२ क. को उपदफा (२) मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तरको बिक्री गर्ने सक्नेछ भन्ने व्यवस्था रहेको छ। त्यस्तै, सोही दफाको उपदफा (३) मा उपदफा (१) र (२) बमोजिम बिक्री बापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा (१) को खण्ड (च) मा ढुङ्गा, गिटी, स्लेट, बालुवा, चुनढुङ्गा, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ बाट संशोधन भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् व्यवस्थापन शाखाको च. नं. ५० मिति २०७७/०५/१९ को पत्र एवं केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को दफा ६२ क. मा भएको कानूनी व्यवस्था बमोजिम

Scanned with CamScanner

दहत्तर बहत्तरको रोयल्टी प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा नभई सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोले यस सम्बन्धमा प्रष्ट कानूनी व्यवस्था नदेखिएको एवं मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट क्षति भएका भौतिक संरचना एवं खेतीयोग्य जग्गा जमिनहरुको पुनर्निर्माण कार्य अझै बाँकी रहेको, बाढीग्रस्त क्षेत्रको पुनर्निर्माण कार्यको लागि संघीय सरकार र प्रदेश सरकारबाट प्रयाप्त रकम विनियोजन नभएको हुँदा नदीजन्य पदार्थको बिक्री बापतको रकम हाल प्रदेश सरकारलाई नपठाउने निर्णय गरियो ।

निर्णय नं ११ : मेलम्ची नगरपालिका क्षेत्र भित्रको मेलम्ची तथा ईन्द्रावती नदी क्षेत्रबट आ.व. २०८२/०८३ मा ढुङ्गा, गिटी बालुला लगायतका नदीजन्य पदार्थ उत्खनन् एवं बिक्री कार्यका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्र र परिमाणमा मेलम्ची नगरपालिकाबाट पटक पटक बोलपत्र आव्हान गर्दा समेत ठेक्का लाग्न नसकेको र हाल उक्त राजस्व रकम नगरपालिकाका प्रशासनिक कर्मचारीहरुबाट अमानतमा संकलन भइरहेकोमा उक्त कर्मचारीको अभावमा कार्यालयको दैनिक सेवा प्रवाहमा समेत समस्या उत्पन्न भएको हुँदा ठेक्का व्यवस्थापन नभएसम्मका लागि दैनिक ज्यालादारीमा कार्य गर्ने गरी १० (दश) जना कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं १२ : मेलम्ची नगरपालिकाको न्यायिक समिति सदस्यको रिक्त पदमा मेलम्ची नगरपालिका वडा नं. ७ का वडा सदस्य श्री टक बहादुर घलेलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं १३ : मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार बापत उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार मासिक रु. ५ हजार लक्षित समूहका बिरामीहरुको लागि सोधभर्ना रकम स्थानीय तहहरुलाई उपलब्ध गराउदै आएकोमा गरिबी परिचय पत्रका आधारमा मात्र उपलब्ध गराउने गरी स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८२ मा संशोधन भएकोले उक्त रकम आ.व. २०८२/०८३ मा उपलब्ध गराउन नसकिएको र सो कारणले नागरिकहरुबाट अत्याधिक गुनासो प्राप्त भएको हुँदा उक्त मार्गदर्शन संशोधन गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । साथै, माथि उल्लिखित रोगबाट पीडित बिरामीहरुलाई नेपाल सरकारबाट आ.व. २०८२/०८३ मा प्राप्त भएको रकम सम्बन्धित बिरामीहरुलाई मासिक रु. ५ हजारका दरले उपलब्ध गराउने निर्णय गरियो ।

२०८२।३।१७।०

Scanned with CamScanner